# शासकीय खबर-पत्र
# (Governance Bulletin)



सामान्य प्रशासन मन्त्रालयको चौमासिक प्रकाशन-२०७०, आषाढ, अङ्क-२१

(Ministry Of General Administration: Four Monthly Publication 2013, July, Vol-21)

## सम्पादक मण्डल

| | |
|---|---|
| सचिव, श्री दुर्गानिधि शर्मा | - सल्लाहकार |
| सह-सचिव, श्री मुकुन्दराज पन्थी | - संयोजक |
| उप-सचिव, श्री योगेन्द्रप्रसाद पाण्डेय | - सदस्य |
| शाखा अधिकृत, श्री मोहनराज जोशी | - सदस्य |
| शाखा अधिकृत, श्री अनुनय बाँस्तोला | - सदस्य-सचिव |



**सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरबार, काठमाडौ**

# सम्पादकीय

सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका विभिन्न मन्त्रालय एवं निकायहरूवाट शासकीय सुधारका लागि सञ्चालन गरिएका विभिन्न प्रयासहरूलाई सर्वसाधारण एवं सरोकारवालाहरू समक्ष सार्वजनिक गर्ने र शासकीय सुधारका लागि रचनात्मक पृष्ठपोषण लिने उद्देश्यले शासकीय खबरपत्र (Governance Bulletin) प्रकाशन गर्ने गरिएको हो । यसै क्रममा यो एक्काइसौं अङ्क प्रकाशन गरिएको छ ।

शासकीय खबरपत्रको यस अङ्कमा सामान्य प्रशासन मन्त्रालयबाट यस अवधिमा सञ्चालन भएका विविध क्रियाकलापहरूलाई समेटिएको छ । शासकीय सुधारका विभिन्न आयामहरूका सन्दर्भमा सामान्य प्रशासन मन्त्रालयबाट यस अवधिमा भए गरेका गतिविधिहरू मध्ये सामान्य प्रशासन मन्त्रालयको चालू आ.ब. को दोस्रो चौमासिक समीक्षा कार्यक्रमको विषयवस्तु, सामान्य प्रशासन मन्त्रालयका सचिवज्यूको चीन भ्रमण, सूचना तथा संचार प्रविधि सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम विभिन्न जिल्लामा संचालन गरिएका शासकीय सुधार नीति कार्यक्रमको अनुगमन, गुनासो व्यवस्थापन, सेवाग्राही सन्तुष्टी सर्वेक्षण, जिल्लास्थित बढुवा समितिको अवलोकन, कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्तर्क्रिया जस्ता विषयवस्तुहरू समेटिएका छन् । अन्त्यमा शासकीय खवरपत्रका आगामी अंकमा नेपाल सरकारका विभिन्न निकाहरूबाट संचालन भएका शासकीय सुधार, सेवाप्रवाहमा सुधार, कार्यविधि र कार्यप्रक्रियामा सुधार लगायतका अन्य महत्वपूर्ण गतिविधीहरूका वारेमा यस मन्त्रालयलाई समयमै जानकारी गराई आवश्यक सहयोग गरीदिनु हुन अनुरोध गर्दछौं । यो अङ्क तयार गर्न सहयोग पुऱ्याउनु हुने सामान्य प्रशासन मन्त्रालयका सबै महाशाखा, शाखा र अन्य सम्वद्ध निकाय एवं पदाधिकारीलाई समेत सादर धन्यवाद दिन चाहान्छौं ।

आषाढ, २०७०

सम्पादक मण्डल
सिंहदरबार, काठमाण्डौ

।

# विषय-सूची

**शीर्षक** **पेज नं.**


1. सामान्य प्रशासन मन्त्रालयको आ.ब. २०६९/०७० को दोश्रो चौमासिक प्रगति समीक्षा
2. गुनासो व्यवस्थापन सम्बन्धी गोष्ठी सम्पन्न
3. कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणाली
4. पाँचथर, ईलाम र लम्जुङ जिल्लामा शासकीय सुधार कार्यक्रमको अनुगमन
5. निजामती कर्मचारी सन्तति छात्रवृत्ति कार्यक्रम
6. कर्मचारी प्रशिक्षण प्रतिष्ठानको प्रगति
7. सामान्य प्रशासन मन्त्रालय, संगठन विकास शाखाबाट सम्पादित कार्यहरू
8. दाङ्ग जिल्लामा बढुवा समिति सचिवालय समन्वय/अनुगमन सम्बन्धी छलफल कार्यक्रम
9. सामान्य प्रशासन मन्त्रालयका सचिवज्यूको चीन भ्रमण
10. सूचना प्रविधि सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम बैंकक
11. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी अध्ययन भ्रमण
12. निजामती कर्मचारी सन्तति छात्रवृत्ति निर्देशिकामा गरिएको तेश्रो संशोधन
13. निजामती सेवा ऐन, २०४९ को तेस्रो संशोधन अध्यादेश

## सामान्य प्रशासन मन्त्रालयको आ.ब. २०६९/०७० को दोश्रो चौमासिक प्रगति समीक्षा

सामान्य प्रशासन मन्त्रालयको आ.ब. २०६९/०७० को दोश्रो चौमासिक प्रगति समीक्षा कार्यक्रम तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिको वैठक यही २०७० जेष्ठ ५ गते मन्त्रालयको सभाकक्षमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको सभापतित्व मन्त्रालयका सचिव श्री दुर्गानिधि शर्माले गर्नुभएको थियो । समीक्षा कार्यक्रममा मन्त्रालय तथा मातहतका निकायहरूको वित्तीय, भौतिक साथै नीतिगत प्रगति तथा कार्यसम्पादनका क्रममा रहेका समस्या र समाधानका उपायहरूको बारेमा विवेचना गरिएको थियो । कार्यक्रमको सञ्चालन मन्त्रालयका उपसचिव श्री महेश आचार्यले गर्नुभएको थियो ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री पुण्यप्रसाद न्यौपानेले प्रतिष्ठानको दोश्रो चौमासिकको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो । प्रतिष्ठानबाट दोश्रो चौमासिकमा नियमित तालिमतर्फ लामो तथा छोटो अवधिका गरी २७ बटा तालिम सञ्चालन गरी ६४२ जनालाई तालिम दिईएको, सःशुल्क तालिमतर्फ ४ वटा तालिम कार्यक्रममा ८३ जनालाई तालिम प्रदान गरिएको साथै आन्तरिक क्षमता विकासका विभिन्न कार्यक्रमहरू पनि सञ्चालन भएको जानकारी गराउनुभयो । प्रतिष्ठानका कर्मचारीमा व्यवसायिकताको अभावका साथै वाह्य कारकतत्वहरूले कार्यसञ्चालनमा असर पारेको वताउँदै ६ महिना अवधिको आवसीय प्रशासनिक तालिम सञ्चालन गर्नु मुख्य चुनौती रहेको विचार प्रस्तुत गर्नुभयो । कर्मचारी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री वालचन्द्र मिश्रले दोश्रो चौमासिक अवधिमा प्रतिष्ठानबाट सम्पन्न भएका तालिम कार्यक्रमहरूको प्रगति प्रस्तुत गर्दै विगतका ३ वर्षभन्दा पूर्वको अवधिको प्रगतिको तुलनामा प्रतिष्ठानले १२ गुणा बढी प्रगति गर्न सकेकोमा तथ्यसमेत पेश गर्नुभएको थियो । यसैगरी आ.ब. २०६६/०६७ देखि हालसम्म प्रतिष्ठानको वेरूजु शून्य रहेको पनि उल्लेख गर्नुभएको थियो ।

निजामती कर्मचारी अस्पतालका डा. श्री विमल थापाले अस्पतालको प्रगति विवरण प्रस्तुत गर्दै अस्पतालले प्रदान गर्ने सेवाका बारेमा जानकारी गराउनुभएको थियो । अस्पतालमा आँखा, नाक-कान-घाँटीरोग, फिजियोथेरापी, मानसिक रोगको उपचार साथै खोप सेवा र परिवार नियोजन सेवातर्फ नियमित ओ.पि.डी. सञ्चालनमा रहेकोमा न्यूरोलोजी, कार्डियोलोजी, अन्कोलोजी, हेपाटोलोजी लगायतका अन्य सेवाहरू थपगरिएको जानकारी पनि गराउनुभएको थियो । चौमासिक अवधिमा ओ.पि.डी.बाट सेवा दिईएका ५५१६९ जना विरामी मध्ये निजामती कर्मचारीको अनुपात ३०.३६ प्रतिशत रहेको उल्लेख गर्नुभएको थियो । यसैगरी निजामती किताबखानाको प्रगति विवरण प्रस्तुत गर्दै किताबखानाका नि. महानिर्देशक श्री बलदेव जोशीले किताबखानाको हालसम्मको प्रगति, सुधारका लागि गरिएका थप कार्यहरू, निकट भविष्यका लागि प्रस्तावित कार्यहरूको विवरण प्रस्तुत गर्नुभएको थियो।

उक्त कार्यक्रममा शहरी विकास मन्त्रालय, आवास महाशाखाका उपमहानिर्देशक श्री शम्भु के.सी.ले कर्मचारी आवास भवन निर्माण योजना अन्तर्गत हाल दार्चुला र महोत्तरी जिल्लामा भैरहेको आवास-भवन निर्माण कार्यको हालसम्मको प्रगति साथै आगामी आ.ब.को लागत अनुमान समेत प्रस्तुत गर्नुभएको थियो । दार्चुला जिल्लामा भवन निर्माणकार्यमा ४५ प्रतिशत प्रगति भएको, ब्लक-ए को डि.पि.सि. सम्पन्न भएको, ब्लक-बीको तेस्रो तल्लाको ढलान गर्ने

तयारी भैसकेको, र ब्लक–बी १ को तेस्रो तल्लाको ढलान समेत सम्पन्न भैसकेको जानकारी दिंदै अन्य जिल्लामा आवास भवन निर्माण योजनाको हाल सम्मको अवस्था प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै सचिव श्री दुर्गानिधि शर्माले सुधारका कार्यहरूको सान्दर्भिकता रहने गरी समयमै थालनी गर्न अन्तर्गतका सबै निकायहरूलाई सजग गराउनुभएको थियो । निजामती किताबखानालाई कर्मचारी सरूवाको सफ्टवेयर बनाउनेतर्फ पहलगर्न प्रेरित गर्दै सचिवज्यूले जेष्ठ २५ भन्दा अघि नै आफ्ना कार्यक्रमहरू समपन्न गर्न निर्देशन समेत गर्नुभएको थियो । कर्मचारी आवास कार्यक्रम सबै जिल्लामा प्रारम्भ गरिने र सोको लागि आगामी वर्ष अनुमानित रू. ११ करोड आवश्यकपर्ने भएकोले वजेट विनियोजनका लागि अर्थ मन्त्रालयलाई अनुरोध गर्ने आश्वासन पनि दिनुभएको थियो । सबैको लागि तालिम कार्यक्रम अन्तर्गत कुन कुन तालिम के कति कर्मचारीलाई कसरी दिन सकिन्छ भन्ने सम्बन्धमा साथै नवप्रवेशी शाखा अधिकृतहरूलाई प्रदान गरिने ३ महिने आधारभूत प्रशासनिक तालिमलाई आवासीय ६ महिने बनाउने सम्बन्धमा गर्नुपर्ने कार्यहरूको विवरण अनुमानित लागत सहित यथाशीघ्र पेश गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई निर्देशन दिनुभएको थियो । मन्त्रालयका कर्मचारीहरूलाई अनुगमन कार्यमा सक्रियता बढाउन समेत निर्देशन गर्नुभएको थियो ।

**दोश्रो चौमासिकको वित्तीय प्रगति विवरण**

आ.ब. २०६९।०७० मा सामान्य प्रशासन मन्त्रालयको लागि रू. १५,५४,४४,०००।– विनियोजित भएकोमा दोश्रो चौमासिकसम्ममा रू. १०,९२,९०,३६१।– खर्चभई वित्तीय प्रगति ७०.३% र भौतिक प्रगति ८५.८८% रहेको छ। मन्त्रालय अन्तर्गतका निकायहरू मध्ये निजामती किताबखानाको वार्षिक बजेट रू. ३,५४,२५,१००।– रहेकोमा दोश्रो चौमासिकसम्मको वित्तीय प्रगति ९३% र भौतिक प्रगति ८२ % रहेको छ । कर्मचारी प्रशिक्षण प्रतिष्ठान तर्फ दोश्रो चौमासिकको लागि रकम रू. १,३४,०८,०००।– विनियोजित गरिएकोमा रू. ९७,१५,९३८।– खर्च भई भौतिक प्रगति ८१.३८% र वित्तीय प्रगति ७२.४६% प्राप्तभएको छ । यसैगरी निजामती कर्मचारी अस्पतालको चौमासिक खर्च रू. ६,९८,७२,३००।– रहेकोमा वित्तीय प्रगति ८०.६% रहेको छ ।

**दोश्रो चौमासिकको भौतिक प्रगति विवरण**

- शासकीय खबरपत्रको २० औं अङ्क प्रकाशन ।
- प्रशासन पत्रिकाको १२३ औं अङ्क प्रकाशन ।
- विभिन्न १७ वटा निकायहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत भएको ।
- केन्द्रीय संगठन संरचना तयार गरिएको ।
- मन्त्रालयको कार्यविवरण तयार भएको ।
- कर्मचारी परिचयपत्र सम्बन्धी कार्यविधि तर्जुमा र मन्त्रालयमा नयाँ परिचयपत्र लागू भएको ।

- छात्रवृत्ति समितिको ५ वटा बैठकद्वारा विभिन्न निकायबाट प्राप्त भएका ७७ वटा वैदेशिक छात्रवृत्तिहरू वितरण गरिएको ।
- संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण कार्यविधि परिमार्जन कार्यशाला सम्पन्न ।
- आ.व. ०६८/६९मा सञ्चालित वार्षिक कार्यक्रमहरूको प्रगति प्रतिवेदन तयार ।
- सबैकोलागि तालिमको (Training for All) लागि तालिम केन्द्रहरूको क्षमता आंकलन कार्य गर्न शुरू गरिएको र BAT लाई ६ महिने बनाउने विषयमा प्रतिवेदन प्राप्त भएको ।
- जिल्लास्तरमा कैलाली मोरङ्, रूपन्देही, सिन्धुली जिल्लाको व्यवस्थापन परीक्षण कार्य सम्पन्न
- केन्द्रीयस्तरमा पर्यटन, कृषि, युवा तथा खेलकुद र यातायात व्यवस्था विभागको व्यवस्थापन परीक्षण सम्पन्न ।

**दोश्रो चौमासिकको नीतिगत प्रगति विवरण**

- तालिम नीतिको मस्यौदा अन्तिम चरणमा पुगेको ।
- **सबैको लागि तालिम** (TFA)को अवधारणा तयार भएको ।
- यस अघि प्रकाशित निर्देशिका तथा कार्यविधिहरूलाई एकीकृत गर्ने कार्य शुरू भएको ।
- एकीकृत परिवहन योजनाका लागि बस खरीद प्रक्रिया अघि बढेको ।
- विभिन्न जिल्लामा शासकीय सुधार कार्यक्रम कार्यान्वयनको अनुगमन गरिएको ।
- वैदेशिक तालिमको आवश्यकता विश्लेषण (Need Assessment) तयार गर्न शुरू गरिएको ।
- वैदेशिक तालिमको छात्रवृति समितिको निर्णय बमोजिम भएको छ/छैन अनुगमन गर्न विवरण तयार गरिएको ।
- थप आर्थिक सहायता सम्बन्धी सफ्टवेयर तयार भई काम भईरहेको ।
- निजामती सेवा सम्बन्धी ऐन, कानून, नियम तथा परिपत्र संग्रह प्रकाशनको तयारी ।
- प्रशासन सुधार समितिको प्रारम्भिक प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा पठाइएको ।
- दुर्गम क्षेत्रमा जनशक्ति व्यवस्थापन सम्बन्धी रणनीति निर्माण भएको ।
- निजामती कर्मचारी दुर्घटना तथा उपचार वीमा व्यवस्था लागू गर्ने कार्य अघि बढाइएको ।
- दुर्गम क्षेत्रका ९ जिल्लामा कर्मचारी आवासको लागि प्रस्ताव गरिएको ।

- ए.डि.बि.को सहायतामा आई.सि.टी. डिभेलपमेन्ट प्रोजेक्टमार्फत् तालिम केन्द्रको सुधारको कार्य शुरू भएको ।
- निजामती सेवामा सुधार, क्षमता विकास, संघीयतामा निजामती सेवाको स्वरूप सम्बन्धी कार्य गर्न PREPARE (UNDP) सँग सम्झौता भै कार्यान्वयनको चरणमा रहेको

**गुनासो व्यवस्थापन सम्बन्धी गोष्ठी सम्पन्न**

सामान्य प्रशासन मन्त्रालयको चालू आ.ब. ०६९।०७०को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत गुनासो र सोको व्यवस्थापन सम्बन्धी साथै कार्यसम्पादन मूल्यांकन सम्बन्धी अभिमुखीकरण गोष्ठी यही २०७०।०३।०२ गते सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारामा सम्पन्न भएको थियो । सिन्धुपाल्चोक जिल्लास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरू तथा कर्मचारी प्रशासन हेर्ने शाखा/फाँटका कर्मचारीहरूको उपस्थितिमा भएको उक्त कार्यक्रम प्रमुख जिल्ला अधिकारी श्री डिल्लीराज पोखरेलको अध्यक्षता एवं स्थानीय विकास अधिकारी श्री वलराम ढकालज्यूको आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा गुनासोको परिभाषा, यसका उत्पत्तिका कारणहरू, गुनासाका क्षेत्रहरू, गुनासो व्यवस्थापन सम्बन्धी मौजुदा व्यवस्था/संयन्त्रहरू, गुनासो सुनुवाईको कार्यविधिमा देखिएका व्यवहारिक समस्याहरू, गुनासो व्यवस्थापनका उपायहरू लगायतका विषयहरू समेटिएको कार्यपत्र सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री तोयनारायण सुवेदीले प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यपत्र माथि छलफल गर्दा सहभागीहरूले ट्रेड यूनियनहरूको व्यवस्था, गुनासो सुनुवाई समितिहरूको व्यवस्था र क्रियाशीलता, गुनासो व्यवस्थापनको अभ्यास, निजामती सेवा ऐनको साविकको दफा२४(घ)१को बढुवा समायोजनको व्यवस्था आदि विषयमा विभिन्न जिज्ञासा तथा प्रश्नहरू राख्नु भएकोमा कार्यपत्र प्रस्तुतकर्ता तोयनारायण सुवेदीले जवाफ दिनुभएको थियो साथै सहभागीहरूबाट उठाईएका नीतिगत सुझावहरूलाई सम्बन्धित निकायमा पेश गरिने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । यसैगरी कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्यपत्र सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री शिवराम न्यौपानेले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृत श्री लिलाधर अवस्थीले गर्नुभएको थियो ।

**कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणाली**

कुनै पनि संगठनमा कार्यरत कर्मचारीले सम्पादन गरेको कामको मूल्याङ्कनको आधारमा निजलाई तोकिएको निश्चित पारिश्रमिकका अलावा प्रोत्साहनस्वरूप थपरकम उपलब्ध गराउने पद्धतिलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली भनिन्छ । यस प्रणालीमा सम्पन्न गरिएका कामबाट प्राप्त उपलब्धिका आधारमा पारितोषिक (ईन्सेन्टिभ) प्राप्त हुने हुँदा कर्मचारीहरू आफ्नो कामप्रति लगनशील र उत्प्रेरित हुने, मितव्ययीता र कार्यप्रभावकारितामा वृद्धि हुने, सार्वजनिक सेवाको गुणस्तरमा सुधार आउने, संगठनात्मक कार्यप्रक्रिया र कार्यसंस्कारमा सुधार आउनुका साथै कर्मचारीहरू सेवाग्राहीप्रति उत्तरदायी हुने संस्कारको विकास भएको हुन्छ ।

खास गरी यो प्रणाली नयाँ र सिर्जनात्मक कार्यसम्पादन गर्न लागू गरिने भएतापनि नियमित कार्य समयमै र निश्चित मापदण्ड बमोजिम सम्पादन गर्न कर्मचारीलाई प्रोत्साहित गर्न लागू गरिन्छ । धेरै जसो मुलुकमा व्यवस्थापक तहमा लागू गरिएको भएपनि यो प्रणाली सबै तहका कर्मचारीमा उपयोग गर्न सकिन्छ। अध्ययन/अनुसन्धानबाट यस प्रणालीले उच्च व्यवस्थापन तहमा काम गर्ने कर्मचारीलाई कामप्रति बढी उत्साहित बनाएको देखिएको छ ।
नेपालको सन्दर्भमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली देहायबमोजिमका कार्यालयहरूमा लागू भैसकेको छ ।

1. आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरू
2. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
3. म.ले.प. को विभाग
4. निजामती किताबखाना
5. निवृत्तिभरण व्यवस्थापन कार्यालय
6. कोष तथा लेखा नियन्त्रक कार्यालय
7. राष्ट्रपतिको कार्यालय
8. राष्ट्रिय सतकर्ता केन्द्र

हाल सामान्य प्रशासन मन्त्रालयमा लागू गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीकको अध्ययन कार्य भईरहेको छ ।

**<u>पाँचथर, ईलाम र लम्जुङ जिल्लामा शासकीय सुधार कार्यक्रमको अनुगमन</u>**

शासकीय सुधारका क्षेत्रमा कार्यसम्पादनका समस्याहरू निदान गर्न, पृष्ठपोषण प्रदान गर्न, समस्याका कारणहरूको निराकारण गरी सेवाप्रवाहको गुणस्तर कायम राख्न अनुगमनकार्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शासकीय सुधार सम्बन्धी विभिन्न नीति कार्ययोजनाहरूले निर्देशित गरे अनुसारको कार्यक्रम कार्यान्वयनको स्थिति र यसको प्रभावकारिताको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयबाट जिल्लास्थित कार्यालयहरूमा नियमित रूपमा अनुगमन हुँदै आएको छ । यसै क्रममा चालु आर्थिक वर्षमा प्रशासन सुधार शाखाबाट गरिएका विभिन्न अनुगमन भ्रमणमा खटिएका कर्मचारीहरूको नेतृत्व सामान्य प्रशासन मन्त्रालय, प्रशासन सुधार शाखाका उपसचिव श्री योगेन्द्रप्रसाद पाण्डेयले गर्नुभएको थियो । प्रथम चौमासिकमा पाल्पा जिल्ला, दोश्रो चौमासिकमा सिन्धुली र बझाङ्ग जिल्लामा अनुगमन गरिएको थियो भने तेश्रो चौमासिकमा पाँचथर, ईलाम र लमजुङ्ग जिल्लामा स्थलगत अनुगमन सम्पन्न भएको छ । अनुगमनका क्रममा कार्यक्षेत्रको स्थलगत अवलोकन, कर्मचारीसँग प्रत्यक्ष अन्तर्क्रिया र प्रश्नावलीको प्रयोग गरिएको थियो । तेश्रो चौमासिकमा सम्पन्न अनुगमन कार्यक्रम मध्ये पाँचथर तथा ईलाम जिल्लाको अनुगमन कार्यक्रमको सारसंक्षेप तल प्रस्तुत गरिएको छ ।

**लमजुङ जिल्लामा सम्पन्न अनुगमन कार्यक्रमको विवरण**

लमजुङ जिल्लामा संचालन भएको उक्त कार्यक्रममा शासकीय सुधार कार्यक्रमका अतिरिक्त सेवाग्राही सन्तुष्टी सर्वेक्षण, गुनासो व्यवस्थापन कार्यक्रम र अभिप्रेरणा साझेदारी कार्यक्रम पनि समावेश गरिएका थिए । सो अन्तर्क्रिया कार्यक्रम अन्तर्गत लमजुङ जिल्लाका सरकारी कार्यालयहरूका कार्यालय प्रमुखहरू, प्रतिनिधिहरू र अन्य कर्मचारीहरूको उपस्थितिमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । लमजुङ जिल्लाको सदरमुकाम वेशीसहरमा अवस्थित जिल्ला प्रशासन कार्यालयको सभाकक्षमा लमजुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बाबुराम भण्डारीको सभापतित्वमा सञ्चालन भएको सो कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयको प्रशासन सुधार शाखाका तर्फबाट बोल्दै उप-सचिव श्री योगेन्द्रप्रसाद पाण्डेयले शासकीय सुधार कार्यक्रमको अनुगमन निरीक्षण कार्यक्रमको औचित्य, महत्व तथा त्यसको विधिको बारेमा प्रकाश पार्नुभएको थियो । यसै गरी उपसचिव तोयनारायण सुवदीले गुनासो व्यवस्थापन कार्यक्रमका वारेमा र शाखा अधिकृत नारायण ज्ञवालीले सेवाग्राही सन्तुष्टी कार्यक्रम, यसको महत्व, भूमिका तथा संचालन पद्धतीका वारेमा प्रकाश पार्नुभएको थियो । कार्यक्रमको प्रारम्भमा सहसचिव श्री गरागाईले सामान्य प्रशासन मन्त्रालय बाट लमजुङ जिल्लामा आयोजना गरिएका माथि उल्लेखित सवै कार्यक्रमहरूको विषयमा प्रष्ट पार्नुभएको थियो ।

**पाँचथर जिल्लामा सम्पन्न अन्तर्क्रिया कार्यक्रमको विवरण**

पाँचथर जिल्लाको सदरमुकाम फिदिममा जिल्ला विकास समितिको सभाकक्षमा प्रमुख जिल्ला अधिकारी श्री कोशहरि निरौलाको सभापतित्वमा सञ्चालन भएको अन्तर्क्रिया कार्यक्रममा बीसवटा कार्यालयका प्रमुखहरू/प्रतिनिधिहरू र अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो । उपस्थिति कर्मचारीहरूले निजामती सेवामा हुनुपर्ने सुधार लगायत विभिन्न विषयहरूमा सुझावहरू दिँदै आफ्ना व्यक्तिगत गुनासाहरू पनि राख्नुभएको थियो । कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी श्री कोशहरि निरौलाले दुर्गमस्थानमा वसेर सेवाप्रवाहमा संलग्न भएका कर्मचारीहरूले उठाएका गुनासाहरूलाई सम्बोधन गर्नेतर्फ सामान्य प्रशासन मन्त्रालयले विशेष ध्यान पुर्‍याउनु पर्नेमा जोड दिनुभएको थियो । यसैगरी कर्मचारी वर्ग आफ्नो समस्या आफैं सुल्झाउन सक्षम रहेको र सामान्य नागरिकको तुलनामा राहतप्राप्त वर्ग समेत भएकोले सेवाप्रवाहमा ईमान्दार रहन कर्मचारीहरूलाई निर्देशन पनि दिनुभएको थियो ।

जिल्ला कारागार कार्यालयका प्रतिनिधिले नवप्रवेशी रा.प.अनङ्कित कर्मचारीहरूलाई पनि तालिमदिने व्यवस्था गर्न सामान्य प्रशासन मन्त्रालयलाई आग्रह गर्नुभयो । यसका साथै कैदीहरूलाई दिनुपर्ने सिदाको रकम र कैदी स्थानान्तरण गर्न आवश्यक पर्ने रकम पर्याप्त नभएर कार्यालयको काममा समस्या परेको बताउनुभयो । जिल्ला कृषि कार्यालयमा पनि नियमित कार्यक्रम सञ्चालन गर्न बजेटको समस्या रहेको पाईयो ।

जिल्ला खानेपानी तथा सरसफाई सवडिभिजन कार्यालयमा सेवानिवृत्तहुन लागेका कर्मचारीको बाहुल्यता भई फिल्डमा खट्नसक्ने कर्मचारीको अभाव रहेको, साथै भूकम्पले गर्दा कार्यालय भवन क्षतिग्रस्त रहेकाले समस्या भएको पाईयो । महिला तथा बालबालिका कार्यालयमा दरबन्दी अनुसार कर्मचारी नहुँदा कार्यालय सञ्चालनमा कठिनाई रहेको, फिल्डमा जाने

कर्मचारीको अभावले कार्यक्रम सञ्चालनमा बाधा भएको, दैनिक भ्रमण खर्च न्यून रहेकाले कार्यक्रम सञ्चालन र सहभागितामा कमी रहेको, साथै कर्मचारीको सरूवाले गर्दा समेत कार्यक्रममा समस्या रहेको पाईएको थियो । जिल्ला कारागार कार्यालय, जिल्ला पशुसेवा कार्यालय, जिल्ला विकास समिति (गाविस सचिवको ४१ दरबन्दीमा १३ रिक्त), जिल्ला हुलाक कार्यालयमा (१२६ दरबन्दीमा ३९ रिक्त) समेत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नभएकोले कार्यालयको काममा समस्या रहेको पाईएको थियो । जिल्ला प्रहरी कार्यालयमा जनशक्तिको अभाव, बजेटको कमी, भौतिक संरचना सुधारको खाँचो, यातायातका साधनमा कमी, लजिष्टिक सर्पोटको कमी जस्ता समस्याहरू रहेको पाईएको थियो ।

**ईलाम जिल्लामा सम्पन्न अन्तर्क्रिया कार्यक्रमको विवरण**

ईलाम जिल्लाको फिक्कलमा जिल्ला प्रशासन कार्यालयको वैठककक्षमा सञ्चालन भएको अन्तर्क्रिया कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी श्री बाबुराम खतिवडाले कर्मचारीहरूको राजनैतिक दलसँगको सामीप्यता हट्नुपर्ने, ट्रेडयूनियन राजनैतिक पार्टीहरूको दादागिरी गर्ने मञ्चको रूपमा परिवर्तन भएकोले यसको उचित व्यवस्थापन गर्नुपर्ने, नियम–कानूनको कार्यान्वयन केन्द्रबाटै थालनी गर्नुपर्नेमा विशेष जोड दिनुभएको थियो । तलबवृद्धि समयानुकूल हुनुपर्ने, शिक्षा–स्वास्थ्य–आवासका सुविधामा सरकारको ध्यान दिनुपर्ने, कर्मचारीलाई प्रोत्साहन भत्ता दिँदा वर्गविभाजन गरेर दिनु उपयुक्त हुने, दोहोरो प्रोत्साहन भत्ता दिनुनहुने, निजामती सेवा पुरस्कार प्रदान गर्ने प्रकृयामा सुधार गर्नुपर्ने जस्ता सुझावहरू प्रस्तुत गर्नुभएको थियो । प्रजिअको कार्यबोझ बढी रहेको, शासकीय सुधारको तत्कालीन कार्ययोजना अनुसारको काम गर्न अधिकार प्रत्यायोजन भने नभएको गुनासो गर्नुभएको थियो भने स्थानीय विकास अधिकारीले निजामती सेवा अधिकृतमुखी हुनुपर्ने, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई स्थानीय निकायमा पनि लागू गरिनुपर्ने, सबै कार्यालयहरूले प्रगति प्रतिवेदन अनलाईन पेश गर्ने व्यवस्था हुनुपर्ने जस्ता सुझावहरू प्रस्तुत गर्नुभएको थियो । कर्मचारीहरू प्रविधिमुखी नरहेको, क्षमता र संस्कारमा सुधार गर्न आवश्यक रहेको, भवनसुविधा अपर्याप्त रहेको, कार्यालयप्रतिको सेवाग्राहीको दृष्टिकोण सकारात्मक नरहेको जस्ता समस्या पनि उल्लेख गर्नुभयो । जिल्ला हुलाक कार्यालयका प्रमुखले हुलाकका दरबन्दीहरू पुनरावलोकन गरिनुपर्ने आवश्यकता औंल्याउँदै प्रोत्साहन भत्तामा विभेद गर्ननहुने, घरविदाको १८० दिनको हद हटाउनुपर्ने विचार प्रस्तुत गर्नुभएको थियो ।

नगरपालिकाका प्रतिनिधिले तलबमा भन्दा अन्य सुविधामा वृद्धिगर्न सुझाव दिँदै अधिकृत तहसम्मलाई निजी नम्बरप्लेटको बाहनसुविधा प्रदान गर्न उपयुक्त हुने धारणा राख्नुभएको थियो । जिल्ला पशुकार्यालय, महिला विकास कार्यालय, जिल्ला प्राविधिक कार्यालयका प्रतिनिधिले दैनिक भ्रमण खर्च, होटेलबास खर्च अपुग भएको बताउँदै ग्रामीण क्षेत्रमा विल प्राप्त गर्न रहेका कठिनाईहरू प्रस्तुत गर्नुभएको थियो । कृषि विकास कार्यालयका प्रमुख व.कृ.वि. अधिकृतले छात्रवृत्तिको जानकारी जिल्लामा नपुग्ने, वैदेशिक तालिमको अवसर नपाईने र PIS लगईन गर्न नमिल्ने जस्ता समस्या रहेको जानकारी गराउनुभयो । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुखले स्वास्थ्य संस्थामा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा विशिष्टीकृत गर्नु उपयुक्त हुने, सबै स्वास्थ्य कार्यालयका दरबन्दीलाई एउटै प्रकारले (ब्लाङ्केट

एप्रोच) विश्लेषण गर्न नहुने, कर्मचारीलाई फिल्ड भ्रमण भन्दा सेवाप्रवाहको गुणस्तर र सेवाग्राही सन्तुष्टिको आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गर्नुपर्ने जस्ता सुझावहरू दिनुभएको थियो ।

यसैगरी समयमा बजेट निकाशा नहुनु, बजेट पर्याप्त नहुनु, ईन्धन समस्या, मसलन्द अभाव, डाकढुवानीमा खर्च अभाव, तालिम, प्रोत्साहनको अभाव, बजेट खर्चगर्ने अख्तियारी प्राप्त नहुनु जस्ता समस्याहरू धेरैजसो कार्यालयहरूका साझा समस्या रहेका थिए । सूचना प्रविधिको प्रयोग कमजोर देखिनुका साथै सबै कर्मचारीहरू आफ्नो काम कर्तव्यप्रति संवेदनशील नभएको पनि गुनासो रहेको थियो।

अन्तर्क्रिया कार्यक्रममा उठेका सवालहरू तथा प्राप्त सुझावहरूको आधारमा अनुगमन टोलीबाट निम्न सुझावहरू प्रस्ताव गरिएको छ :–

- कर्मचारी सरूवालाई नियमित र व्यवस्थित वनाउनु पर्ने, सरूवा मापदण्डको पालना हुनुपर्ने ।
- राजनीतिक दवावमा नदिने कर्मचारीको पीरमर्का समान रूपले सुनुवाई हुनुपर्ने ।
- दुर्गमका कर्मचारीहरूलाई आकर्षक भत्ताको व्यवस्था गर्नुपर्ने । १ दिनको तल बबराबर ग्रेड रकम हुने नीतिगत व्यवस्था गर्नुपर्ने ।
- रिक्त दरबन्दी समयमानै परिपूर्तिको गर्नका लागि सम्पूर्ण कार्यालयमा परिपत्र गर्नुपर्ने । कारागार कार्यालय जस्ता संवेदनशील निकायमा पनि कर्मचारीको अभाव देखिएकोले संवेदनशीलता हेरी रिक्त दरबन्दीमा तत्कालै पदपूर्तिहुने व्यवस्था मिलाउने ।
- लामो समयसम्म कार्यालयको दरबन्दीमा पुनरावलोकन नभएकोले सेवाप्रवाहमा असर परेको तथा नेपाल सरकारका विभिन्न सेवा, समूहमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासका अवसरमा समेत प्रभाव परेकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दीमा पुनरावलोकन गर्नु पर्ने ।
- सहायकस्तरका कर्मचारीको पदपूर्ति समयमा नहुँदा कार्य सम्पादनमा कठिनाई हुने भएकाले मुख्य काम गर्ने र सहायक काम गर्ने पदको वर्गीकरण गरी पदपूर्तिको प्रकृया अघि वढाउने ।
- कर्मचारीलाई नियुक्तिपत्र साथमा कार्यविवरण पनि दिने व्यवस्था गर्ने र सो अनुसार कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्थालाई प्रभावकारी रूपले कार्यान्वयन गर्ने ।
- नापी, मालपोत, जिल्ला प्रशासन जस्ता अभिलेख राख्ने कार्यालयहरूको भौतिक अवस्थाको तत्काल पुननिर्माण, सुदृढिकरण र नयाँ विन्यास गर्ने र कम्प्युटरको माध्यमवाट अभिलेखको व्यवस्थापन हुने व्यवस्था गर्नुपर्ने ।

- करार र स्थायी कर्मचारीबीच पोशाक भत्तामा रहेको विभेद रहेकोमा गरिएको विरोधको तर्कपूर्ण समाधान खोजिनुपर्ने । महिला कर्मचारीको पोशाकको रङ्ग सम्बन्धमा पुनर्विचार गर्नुपर्ने ।
- तालिम तथा वैदेशिक भ्रमणका अवसरहरूलाई विकेन्द्रीत गरिनुपर्ने
- कार्यालयमा सेवाप्रवाह गर्न कठिनाई नहुने गरी आवश्यक श्रोतसाधनको व्यवस्था गर्नुपर्ने ।
- कार्यालयहरूको आफ्नै भवन नहुँदा सेवा प्रवाह गर्न कठिनाई भएको, सरकारी नीति अनुसार अपाङ्गमैत्री पनि बनाउन नसकिएकोले सम्भव भएसम्म आफ्नै कार्यालय भवन निर्माणको लागि पहल गर्नुपर्ने ।
- स्थानीय निकायमा कार्यरत (विशेषतः महिला विकास कार्यालयका) कर्मचारीहरू एउटै कार्यालयमा लामो समय रहने र तिनीहरूको सरूवा समेत नहुने भएकाले कार्यालयको कार्यवातावरणमा समेत समस्या श्रृजना हुने गरेको भन्ने गुनासाहरू पाईएकाले तहाँतर्फका कर्मचारीको पनि सरूवा गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने, त्यस्ता कर्मचारीहरूको पनि आचार संहिता बनाई लागू गर्ने ।
- कार्यालयमा काम पन्छाउने र आलटाल गर्ने प्रवृतिलाई रोक्न कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई सम्पूर्ण सेवा समूहमा लागू गर्न पहल गर्नुपर्ने ।
- अनुगमन, मूल्याङ्कनका लागि सूचना प्रविधिको प्रयोग गर्ने ।
- दैनिक भ्रमण तथा होटेलबास खर्च परिमार्जन गरिनुपर्ने, भुक्तानीको वर्तमान प्रणालीमा सुधार गर्नुपर्ने
- निजामती सेवालाई मर्यादित बनाउने सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले पहल गर्नुपर्ने ।

**<u>निजामती कर्मचारी सन्तति छात्रवृत्ति कार्यक्रम</u>**

सामान्य प्रशासन मन्त्रालयको आर्थिक वर्ष २०६९।०७० को स्वीकृत कार्यक्रम अनुसार निजामती कर्मचारी सन्तति छात्रवृत्ति कार्यक्रम अन्तर्गतको केन्द्रीयस्तरको छात्रवृत्ति तर्फ बहालवाला वा सेवानिवृत्त निजामती कर्मचारीहरू (निजामती सेवा ऐन २०४९, नेपालस्वास्थ्य सेवा ऐन २०५३ र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिमका पदहरू) का स्वदेशका विश्वविद्यालयहरूमा स्नातक तह प्रथम वर्षमा अध्ययनरत सन्ततिहरूलाई तपसिलमा उल्लेखित विषयहरूमा छात्रवृत्ति प्रदानगर्ने सम्बन्धमा यही मिति २०७०।०२।०८ को गोरखापत्रमा सूचना प्रकाशन गरी दरखास्त आव्हान गरिएको थियो । योग्यता पुगेका छात्रछात्राहरूले सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिनभित्रमा सामान्य प्रशासन मन्त्रालयको निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समितिको सचिवालयमा रितपूर्वक दरखास्त दिनुपर्ने हुन्छ । यस आ. व. मा यो छात्रवृत्ति बढीमा ४०० जना सम्मलाई

प्रदान गरिने साथै विषयगत छात्रवृत्ति पाउनेको संख्या दरखास्तको अनुपातमा निर्धारण गरिने व्यवस्था गरिएको छ । दरखास्तको ढाँचा र चेकलिष्टको लागि जानकारीहरू मन्त्रालयको वेवसाईटबाट वा छात्रवृत्ति व्यवस्थापन समितिको सचिवालयबाट पनि प्राप्त गर्न सकिन्छ ।

छात्रवत्तिको लागि तोकिएका विषयहरूमा चिकित्साशास्त्र अर्न्तगत एम.बी.बी.एस., बी.बी.एस. र नर्सिङ, ईन्जिनियरिङ्ग, वनविज्ञान, कृषि विज्ञान, पशुविज्ञान तथा पशुस्वास्थ्य, व्यवस्थापन संकायतर्फ स्नातक तह र विज्ञान संकायतर्फ स्नातक तह रहेका छन् ।

छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेद्वारले प्रवेशिका परीक्षा र १२ कक्षा वा प्रवीणता प्रमाणपत्र तह कम्तीमा द्वितीय श्रेणीमा वा उत्तीर्ण गरेको हुनुपर्ने र स्वदेशभित्रका अध्ययन संस्थानहरूमा स्नातक तहमा भर्ना भई प्रथम वर्षमा अध्ययनरत रहेको हुनुपर्ने गरी न्यूनतम आधार तोकिएको छ ।

**कर्मचारी प्रशिक्षण प्रतिष्ठानको प्रगति**

नायब सुब्बा स्तरसम्मका कर्मचारीलाई तालिम दिन स्थापित भएको कर्मचारी प्रशिक्षण प्रतिष्ठानको भवन नेपाल प्रज्ञा प्रशिक्षण प्रतिष्ठानको क्षेत्रमा रहेको छ । चालू आ.व. ०६९/०७० को दोस्रो चौमासिक अवधिमा विभिन्न १७ किसिमका तालिम कार्यक्रमहरूमा गरी जम्मा १०४४ जनालाई तालिम दिइ सकिएको छ । कर्मचारी प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गर्ने तालिम कार्यक्रमहरूमा प्रशिक्षक प्रशिक्षण (१), कार्यालय व्यवस्थापन (६+२+१), सचिवालय शीप (२+२), एडभान्स कम्प्युटर तालिम (४), आधारभूत कम्प्युटर तालिम (२), पदीय दायित्व अभिमुखी करण (३+२+१), लेट क्यारियर म्यानेजमेन्ट(१), सुशासन सम्बन्धी प्रशिक्षण (१), तालिमको आवश्यकता पहिचान (१), कम्प्युटर हार्डवेयर र नेटवर्किङ (१), निजी सचिवालय व्यवस्थापन (१) सेवा प्रवेश तालिम(१) र घुम्ती तालिम कार्यक्रम समेत गरी जम्मा ३७ वटा तालिम सञ्चालन गरिसकेको छ ।

प्रतिष्ठानले घुम्ती तालिम कार्यक्रम पनि सञ्चालन गर्ने गरेको सन्दर्भमा सवारी चालक र कार्यालय सहयोगीहरूको लागि पदीय दायित्व अभिमुखीकरण सम्बन्धी घुम्ती तालिम ( महेन्द्रनगर र उदयपुर) मा सम्पन्न भएको छ भने सुशासन सम्बन्धी घुम्ती प्रशिक्षण तालिम हुम्ला, मनाङ, सोलुखुम्बु, डोल्पा, बाजुरा, खोटाङ जिल्लामा ना.सु. र खरिदारस्तरका कर्मचारीहरूलाई प्रदान गरिएको छ । यसैगरी महेन्द्रनगर र उदयपुर जिल्लामा खरिदारस्तरका कर्मचारीलाई सचिवालय शीप सम्बन्धी तालिम साथै ना.सु. स्तरका कर्मचारीहरूलाई कार्यालय व्यवस्थापन सम्बन्धी तालिम दिईएको छ ।

**सामान्य प्रशासन मन्त्रालय, संगठन विकास शाखाबाट सम्पादित कार्यहरू**

**१. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी** :
सामान्य प्रशासन मन्त्रालयको संगठन विकास शाखाबाट दोश्रो चौमासिक अवधिभरमा विभिन्न मन्त्रालय, सचिवालय, आयोग तथा अन्तर्गतका निकायहरू संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्नगरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट देहायबमोजिमका ७ वटा मन्त्रालय/अर्न्तगतका कार्यालयहरूको संगठन संरचना एवं दरबन्दी तेरिज स्वीकृत गरिएको छ ।

- पुनरावेदन/जिल्ला/श्रम अदालतहरू

- न्याय परिषद् सचिवालय
- औषधी व्यवस्था विभाग र अन्तर्गतका कार्यालयहरू
- राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र र क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र
- डडुवा उपस्वास्थ्य चौकी, रामेछाप
- उदयपुर जिल्ला अदालतको १५ शैय्याको अस्पतालबाट ५० शैय्याको अस्पतालमा स्तरोन्नति सम्बन्धी
- परराष्ट्र मन्त्रालय र अन्तर्गतका नियोगहरूका नयाँ दरबन्दी सिर्जना एवं संगठन संरचना स्वीकृति जसअन्तर्गत निम्न कार्य रहेका थिएः
  (क) ओमानको राजधानी मस्कटमा र वहराइनको राजधानी मनमामा नेपाली राजदूतावासको स्थापनाको लागि आवश्यक संगठन संरचना स्वीकृति ।
  (ख) साउदी अरेबियाको जेद्दामा कन्सुलेट र चीनको ग्वाङ्गजाउमा कन्सुलेट जनरलको स्थापनाको लागि आवश्यक संगठन संरचना स्वीकृति ।

२. **कार्य विवरण तयार गर्ने सम्बन्धी :** कार्य अधिकार, उत्तरदायित्व, कार्यसम्पादन सूचकाङ्क, सूचकाङ्कका श्रोतसहित स्पष्ट खुल्ने गरी सामान्य प्रशासन मन्त्रालय अन्तर्गतका सबै पदहरूको कार्यविवरण नि.से.नि. ०५० को अनुसूची ४ को ढाँचामा तयार गरिएको छ ।

३. **विशेष बढुवा (२४घ१) समायोजन सम्बन्धी :**

(क) २४घ१ ख वमोजिम कार्यसम्पादन तथा अनुभवको आधारमा बढुवा भएका कर्मचारीको समायोजन सम्बन्धी व्यवस्था अनुसार गर्नुपर्ने संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई सरल, प्रभावकारी तथा व्यवस्थित बनाउने बिषयमा सबै मन्त्रालय/आयोग/सचिवालयका सहसचिव/उपसचिव स्तरका प्रतिनिधिको सहभागितामा कार्यशाला गोष्ठी सम्पन्न भएकोछ ।

(ख) कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा वढुवा भएका कर्मचारीहरूको समायोजन सम्बन्धमा गरिने संगठन तथा व्यवस्थापन सर्वेक्षण विषयक मन्त्रालयका सम्पूर्ण अधिकृतस्तरका कर्मचारीको सहभागीतामा अभिमुखीकरण गोष्ठी सम्पन्न ।

(ग) कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनको आधारमा बढुवा भएका कर्मचारीहरूको समायोजनका लागि सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगमा गठन गरिने संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यदलमा मन्त्रालयका कर्मचारीहरूलाई प्रतिनिधि तोकिपठाइएको र सोहीबमोजिम कार्य भैरहेको ।

४. **अन्य कार्यहरूः** नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएका संगठन संरचना र दरबन्दी सम्बन्धी निर्णयहरू, मन्त्रिपरिषद्मा पेश भएका प्रस्ताव, अनुसूचीहरू, पदपरिवर्तन लगायतका निर्णयहरूलाई स्क्यान गरी डिजिटाईज्ड गर्ने कार्य भईरहेकोछ । नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको केन्द्रीय संगठन तालिका छपाई सबै सरकारी निकायहरूमा वितरण गर्ने व्यवस्था भईरहेको छ ।

**दाङ्ग जिल्लामा बढुवा समिति सचिवालय समन्वय/अनुगमन सम्बन्धी छलफल कार्यक्रम**

यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम बढुवा समिति सचिवालय समन्वय/अनुगमन अन्तर्गत यही मिति २०७०।१०।१२ गते दाङ्ग जिल्लामा जिल्लास्तरीय बढुवा समितिको हाल भइरहेका कामकारवाही तथा बढुवा समिति सचिवालय समन्वय सम्बन्धी गतिविधिहरूको अध्ययन अवलोकन कार्यक्रम सम्पन्न भएको थियो ।

दाङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रविलाल पन्त, जिल्ला प्रशासन कार्यालयका उपसचिव श्री दुर्गादत्त पौडेल लगायत अन्य कर्मचारीहरूसँग बढुवा व्यवस्थापन कार्यसम्बन्धी छलफल गरिएको थियो । छलफलका क्रममा कार्यसम्पादन मूल्याङ्कन फारामको व्यवहारिकता, सो फाराममा सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको तर्फबाट अङ्क प्रदान गरिने विधि, जेष्ठतावापत् प्राप्त हुने अङ्क, भौगोलिक क्षेत्रमा कामगर्दा प्राप्त हुने अङ्क, शैक्षिक योग्यता र तालिमवापत् प्राप्त गर्ने अङ्कका सम्बन्धमा विचार आदान-प्रदान गरिएको थियो । कार्यक्रममा बढुवाको अङ्क गणना तथा तालिकीकरणमा सूचना-प्रविधिको प्रयोग गर्नुपर्ने आवश्यकता रहेको औंल्याईएको थियो । दाङ्ग जिल्लाको बढुवा समितिबाट निजामती सेवा नियमावली, २०५० को नियम ७२ को खण्ड (ग)को व्यवस्था गरे बमोजिमको बढुवा सम्बन्धी कार्यहरू नियमितरूपमा सहजढङ्गबाट भएको देखियो । यद्यपि पद रिक्त हुनासाथै दुर्गमस्थानबाट कर्मचारी सरूवा भएर आउने कारणले गर्दा स्याङ्जा जिल्लामा कमै संख्यामा मात्र बढुवाको कार्य भएको पाईएको थियो । जिल्ला प्रशासन कार्यालयका कार्टोग्राफर प्रदीप श्रेष्ठले २४घ१ बमोजिम बढुवा हुँदा पदनाम उल्लेख नगरी रा.प्र. तृतीयमा बढुवा भएको, तत्पश्चात् निजले प्रशासन सम्बन्धी कामकाज गर्दै आएकोले शाखा अधिकृत पदनाम पाउनुपर्ने जिकिर गर्नुभएको थियो । । यसैगरी उपसचिव श्री दुर्गादत्त पौडेलले २४घ१ बमोजिम बढुवा समायोजन भई उपसचिव पदमा कार्यरत रहेकोले गृहमन्त्रालयमा पदस्थापन हुन माग गर्नुभएको थियो ।

**प्रशासन पत्रिकाको नयाँ अङ्क प्रकाशित**

सामान्य प्रशासन मन्त्रालयको योजना शाखाबाट नियमित रूपले प्रकाशन हुँदै आएको प्रशासन पत्रिकाको १२३ औं अङ्क प्रकाशित भएको छ । सेवाप्रवाह/कार्यप्रक्रिया सरलीकरण विशेषाङ्कको रूपमा प्रस्तुत सो अङ्कमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष श्री दीपेन्द्रबहादुर क्षेत्रीसँगको अन्तर्वार्ता र सामान्य प्रशासन मन्त्रालयका सचिव श्री दुर्गानिधि शर्माको आलेख समेत समावेश गरिएको छ । सचिव श्री शर्माले कानूनी सुधार, सङ्गठनात्मक सुधार, तालिम, क्षतिपूर्ति सहितको नागरिक वडापत्र साथै कार्यक्षेत्रको पुनर्विभाजनका माध्यमबाट निजामती सेवामा आएको विसङ्गति र विचलनलाई नियन्त्रण गरी सेवाप्रवाहको गुणस्तरवृद्धि गर्न सकिने धारणा प्रस्तुत गर्नुभएको छ । श्री गंगाराम गेलालले सेवाप्रवाहको वर्तमान स्थितिको विवेचना गर्दै सुधारका लागि नीतिगत, प्रकृयागत तथा कार्यसंस्कृति सम्बन्धी सुझावहरू प्रस्तुत गर्नुभएको छ । श्री धीरकुमार श्रेष्ठले सेवाप्रवाहलाई कार्यालय विन्यासले ठूलो प्रभाव पार्ने तथ्य प्रस्तुत गर्दै नयाँ शैलीको कार्यालय-संरचना समेत प्रस्ताव गर्नुभएको छ । यसका अतिरिक्त सेवाप्रवाहको सरलतामा स्थानीय प्रशासकको भूमिका, सेवाप्रवाहको प्रभावकारिता सन्दर्भमा एकल खाता कोष प्रणाली, स्थानीय निकायको सेवाप्रवाहमा सामाजिक परीक्षणको भूमिका, सिर्जनात्मक क्षमता र सार्वजनिक सेवाप्रवाहको अन्तरसम्बन्ध, प्रभावकारी सेवाप्रवाहका

लागि उपभोक्ता केन्द्रित मोडेल लगायत अन्य विविध विषयहरू पनि यो अङ्कमा समावेश गरिएका छन् ।

**<u>सन्तति छात्रवृत्ति सम्बन्धी प्रगति</u>**

जिल्लास्तरीय छात्रवृत्ति दोश्रो ब्याच २०६८।०६९ तर्फको दोश्रो किस्ता अन्तर्गत २०६९।१२।२१ मा ७ जिल्लाका १२ जनालाई रू. ७,२०,०००।- र २०७०।०२।०६ मा ११ जिल्लाका १६ जनालाई रू. ९,६०,०००।- समेत गरी रू. १६,८०,०००।- भुक्तानी भैसकेको छ । यसैगरी जिल्लास्तरीय छात्रवृत्तिको तेश्रो ब्याच २०६९।०७० तर्फको पहिलो किस्ता अन्तर्गत २०६९।१२।२१ मा ११ जिल्लाका १८ जनालाई रू. १०,८०,०००।- र २०७०।०२।१४ मा २ जिल्लाका ३ जनालाई रू. १,८०,०००।- गरी रू. १२,६०,०००।- भुक्तानी गरिसकिएको छ ।

हरेक वर्ष २०० जनालाई प्रदान गरिने केन्द्रीयस्तरको छात्रवृत्तितर्फ चौथो ब्याच आ.ब. २०६९।०७०को लागि मिति २०७०।०२।०८मा दरखास्तका लागि सूचना प्रकाशित गरिएकोमा विभिन्न १० विधा/संकायमा गरी ७५७ जनाको आवेदन परेको छ । निजामती कर्मचारी सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका (२०६७) को तेश्रो संशोधन २०७०।०१।२६ मा गरिएको छ ।

**<u>सामान्य प्रशासन मन्त्रालयका सचिवज्यूको चीन भ्रमण</u>**

चीन सरकारको वाणिज्य मन्त्रालयको अनुरोधमा मिति २०६९।१२।०२८ देखि २०७०।०३।०५ ( तदनुसार ई.सं. २०१३ अप्रिल १० देखि अप्रिल १८) सम्म चीनको एकाडेमी अफ गभर्ननेन्स तालिम केन्द्रमा सञ्चालन भएको अवलोकन भ्रमण तथा कार्यशाला गोष्ठीमा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री दुर्गानिधि शर्मा सहभागी हुनुभएको थियो । नेपालका निजामती कर्मचारीहरूको प्रशासकीय क्षमता (गभर्नेन्स एबिलिटी फर नेपलिज सिभिल सर्भेन्टस्) विषयक सो गोष्ठीमा नेपाल सरकारका १९ जना उच्चपदस्थ अधिकारीहरूको सहभागिता रहेको थियो । चीनको आर्थिक विकास, सरकारी संरचना, प्रशासन सुधार, धार्मिक नीति, विदेश नीति साथै चिनियाँ संस्कृतिको बारेमा जानकारी गराउने उद्धेश्य राखिएको सो कार्यक्रमको सबै खर्च चीन सरकारबाट व्यहोरिएको थियो । सो अध्ययन टोलीको नेतृत्व प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव श्री सूर्यप्रसाद सिलवालले गर्नुभएको थियो । कार्यक्रम अवधिमा विविध विषयमा चिनियाँ विज्ञ/ प्राध्यापकहरूबाट प्रस्तुतिकरण र छलफल गरिनुका साथै तालिम प्रतिष्ठान र हाङजाउ नगरपालिकाका पदाधिकारीहरूसँग समेत अन्तर्क्रिया गरिएको थियो ।

कार्यक्रम अवधिमा चीनको बेईजिङ्, साङ्घाई, तथा हानजाउ शहरको भ्रमण गरी चीनको भौतिक संरचनाहरूको विकासको अवलोकन गरिएको थियो । महानगरको व्यवस्थापन साथै सेवाग्राही सन्तुष्टिमापन सम्बन्धी व्यवहारहरूको समेत अध्ययन गरिएको थियो । चिनियाँ पदाधिकारीसँगको भेटघाटका अवसरमा नेपाललाई प्रदान गरिने तालिम सहयोगमा अभिवृद्धि गर्ने र चिनियाँ पर्यटकको संख्यात्मक वृद्धिमार्फत् नेपालको आर्थिक विकासमा योगदान पुऱ्याउनेबारेमा छलफल हुनुकोसाथै चीनका वाणिज्य उपमन्त्रीलाई नेपालभ्रमणको निमन्त्रणा पनि दिईएको थियो ।

## सूचना तथा संचार प्रविधि सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम बैंकक

कर्मचारीहरूलाई सूचना प्रविधिको प्रयोगमा दक्ष बनाउन विभिन्न तालिम प्रदायक निकायहरूलाई ल्याव सेट गर्न सहयोग पु-याउने उद्देश्यले एशियाली विकास वैंक (ADB) को सहयोगमा सामान्य प्रशासन मन्त्रालयमा E-Governance for Human Resource Development नामक परियोजना संचालनमा रहेको छ ।

नेपाल सरकारले विद्युतीय शासनको अवधारणा आत्मसात गर्न लागेको र कागजविहीन कार्यालयको परिकल्पना गरेको परिप्रेक्ष्यमा तत्सम्बन्धी लक्ष्य प्राप्त गर्न, प्रशासनिक कामकार्वाहीमा सूचना तथा संचार प्रविधिको प्रयोग गर्न सकेसम्म धेरै कर्मचारीलाई सूचना तथा संचार प्रविधि सम्बन्धमा प्रशिक्षित गर्नुपर्ने आवश्यकता रहेको छ । यसको लागि प्रथम चरणमा सूचना तथा संचार प्रविधि प्रशिक्षकहरूको उत्पादन गर्नु वाञ्छनीय भएकोले यो प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिएको थियो । एशियाली विकास वैंकको आर्थिक सहयोगमा सामान्य प्रशासन मन्त्रालयले आयोजना गरेको उक्त तालिम यही मिति २०७०।०२।०९ देखि १९ सम्म (तदनुसार सन् २०१३ मे २३ देखि जून २ सम्म) एशियन ईन्स्टिच्यूट अफ टेक्नोलोजी, बैंककमा सञ्चालन गरिएको थियो ।

उक्त तालिम कम्प्युटरको हार्डवेयर, वेव र ईन्टरनेटको प्रयोग, सोसल मिडिया, सूचना प्रविधिका क्षेत्रका नयाँ विकास, वित्तीय व्यवस्थापन/जनशक्ति व्यवस्थापन/सूचना व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको प्रयोग, ईन्टरनेटका सामाजिक सञ्जालको प्रयोग, कागजविहीन प्रशासनको अवधारणा सम्बन्धमा केन्द्रित रहेको थियो । प्रशिक्षार्थीहरूलाई सेवाप्रवाहमा विद्युतीय माध्यमको प्रयोग गर्नका लागि सक्षम तुल्याउनुको साथै सूचना तथा संचार प्रविधि क्षेत्रमा राष्ट्रियस्तरको प्रशिक्षकको रूपमा विकास गर्ने तालिमको उद्धेश्य रहेको थियो । सो तालिममा कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री मुकुन्दराज पन्थीर श्री महेन्द्र गुरागाईँ, उपसचिव महेश आचार्य, तीर्थ पौडेल र तोयानारायण सुवेदी र शाखा अधिकृत रमेश अधिकारी सहभागी हुनुभएको थियो । सो १७ सदस्यीय अध्ययन टोलीमा सामान्य प्रशासन मन्त्रालयका अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय उपसचिव श्री जयनारायण आचार्य, र कानून मन्त्रालयका शाखा अधिकृत श्री गणेश नायक लगायत अन्य विभिन्न तालिम प्रदायक निकायहरूका प्रतिनिधिहरूको संलग्नता रहेको थियो ।

यसै गरी सूचना तथा सञ्चार प्रविधि सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमको दोश्रो चरणको कार्यक्रमको रूपमा एशियाली विकास वैंकको आर्थिक सहयोग र सामान्य प्रशासन मन्त्रालयको संयोजनमा यही मिति २०७०।०२।२७ देखि २०७०।०२।२९ (तदनुसार सन् २०१३ जून १० देखि १२)सम्म तालिम सम्पन्न भएको थियो । आई.सि.टी. सम्बन्धी संयुक्त राष्ट्रसंघीय संस्था **एशियाली र प्रशान्त क्षेत्रको लागि सूचना तथा सञ्चार प्रविधि तालिम केन्द्र** (UN–APCICT) को "आई.सि.टी. र सार्थक विकासको अन्तरसम्बन्ध" विषयक तालिम ( एकाडेमी २ मोड्यूल १)को प्रारम्भ गर्ने उद्धेश्यले आयोजना गरिएको उक्त कार्यक्रम राष्ट्रिय सूचना प्रविधि केन्द्र (NIDC), सिंहदरबारमा सञ्चालन गरिएको थियो । तालिममा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, कर्मचारी प्रशिक्षण प्रतिष्ठान, हुलाक सेवा तालिम केन्द्र, स्थानीय विकास तालिम केन्द्र लगायत विभिन्न १३ निकायका २९ प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री दुर्गानिधि शर्माको विशेष अतिथि रहनुभएको उक्त कार्यक्रमको अध्यक्षता मुकुन्दराज पन्थीले गर्नुभएको थियो । सचिवज्यूले UN–APCICT का मोड्यूलहरू सञ्चालन गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान., राष्ट्रिय सूचना प्रविधि केन्द्र, सामान्य प्रशासन मन्त्रालयका एक-एक प्रतिनिधिका साथै १ वाह्य विज्ञसहितको ४ सदस्यीय समिति गठनको लागि निर्देशन समेत गर्नुभएको थियो । नेपालका सरकारी निकायका पदाधिकारीहरूलाई नेपालमा रहेका तालिम प्रतिष्ठानको माध्यमबाट सूचना तथा प्रविधिको सम्बन्धी तालिम प्रदान गर्ने र सोको लागि आवश्यक संख्यामा प्रशिक्षक समेत तयार गर्ने, र सबै कर्मचारीहरूलाई निरन्तर तालिम प्रदान गर्दै जाने लक्ष्य यो मोड्यूलले लिएको छ ।

**सामान्य प्रशासन मन्त्रालयका उपसचिवको चीन भ्रमण सम्पन्न**

चीन सरकारबाट यही मिति २०७० वैशाख २५ देखि जेष्ठ १४ (तदनुसार सन् २०१३ मे८ देखि मे २०१३) सम्म आयोजना गरिएको "एशियाली देशहरूका सरकारी कर्मचारीहरूका लागि सार्वजनिक प्रशासन" विषयक सेमिनारमा सामान्य प्रशासन मन्त्रालय, वढुवा शाखाका उपसचिव श्री शिवराम न्यौपाने सहभागी हुनुभएको थियो । सेमिनारमा पाकिस्तान, बङ्गलादेश, नेपाल, मालदिभ्स, श्रीलङ्का, लाओस, जर्जिया, अजरबैजान आदि मुलुकका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सेमिनारमा चीनको राजनैतिक तथा आर्थिक विकासक्रम, चिनिया निजामती सेवाको अवस्था, वैदेशिक तथा कूटनैतिक नीति एवं चीनको इतिहास तथा संस्कृति लगायतका विषयहरू प्रस्तुत गरिएको थियो । यसका साथै एक अर्कोको मुलुकको प्रशासनिक संरचना, संस्थागत विकास र प्रशासनका नवीन अवधारणाका बारेमा अनुभव आदान प्रदान गरिएको थियो । कार्यक्रमको अवधिमा वेईजिङ्, साङ्घाई, होङ्गो शहरको अवलोकन गर्नुका साथै नमूना-ग्रामीण-पर्यटनको पूर्वाधार अध्ययनका लागि स्थलगत भ्रमणसमेत गरिएको थियो ।

**सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी अध्ययन भ्रमण**

छिमकी राष्ट्र ईण्डियामा वन व्यवस्थापन सम्बन्धमा भएका/गरिएका विविध व्यवस्थाहरू तथा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका पक्षहरूको सम्बन्धमा अध्ययन गर्ने उद्धेश्यले सामान्य प्रशासन मन्त्रालय, सङ्गठन विकास शाखाका उपसचिव समेत संलग्न निजामती कर्मचारीहरूको टोलीले मिति २०७०।०१।१२ देखि २१ सम्म ईण्डियाको नयाँदिल्ली, हरियाणा र उत्तराखण्डमा अवलोकन भ्रमण गरेको थियो । वन तथा भू-संरक्षण मन्त्रालयको संयोजनमा भएको सो भ्रमणमा वन तथा भू-संरक्षण मन्त्रालय, अर्थ मन्त्रालय, जिल्ला वन कार्यालयमा कार्यरत कर्मचारीहरू सहभागी रहनुभएको थियो ।

सो भ्रमणका क्रममा वन व्यवस्थापन सम्बन्धमा ईण्डियामा भएका विभिन्न अनुकरणीय कार्यहरू सम्बन्धी अध्ययन गर्नुको साथै नेपालमा अभ्यास गरिएको कार्यसम्पादन र अनुभवको आधारमा हुने मूल्याङ्कन प्रणालीसँग मिल्दोजुल्दो ईण्डियाको ब्याच प्रमोशन प्रणालीको साथै त्यसको व्यवस्थापनमा गरिएका कार्यहरूको बारेमा अध्ययन गरिएको थियो ।

**निजामती कर्मचारी सन्तति छात्रवृत्ति निर्देशिकामा गरिएको तेश्रो संशोधन**

निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०६७ मा संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल सरकारले कार्यकारी अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने -तेस्रो संशोधन) निर्देशिका, २०७० रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०६७ को दफा ३ मा संशोधनः निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०६७ (यसपछि मूल निर्देशिका भनिएको) को दफा ३ को उपदफा (३) मा रहेको एकपटक मात्र निजको अभिभावक निजामती कर्मचारीलाई छात्रवृत्तिको रकम सोझै भन्ने शव्दहरूको सट्टा प्रत्येक शैक्षिक वर्षका आधारमा वार्षिक किस्तावन्दीका रूपमा दफा २२ बमोजिम छात्रवृत्तिको रकम भन्ने शव्दहरू राखिएको छ ।

३. मूल निर्देशिकाको दफा ४ मा संशोधनः मूल निर्देशिकाको दफा ४ को,

(१) खण्ड -क) को सट्टा देहायको खण्ड -क) राखिएको छः

(क) प्रवेशिका (स्कुल लिभिङ सर्भिफिकेट एक्जामिनेशन) परीक्षा र दश जोड दुई वा सो सरह वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण भएको, र

(२) खण्ड (ख) झिकिएको छ ।

(३) खण्ड -ग) मा रहेको छात्रवृत्ति प्रदान गरिने विषयमा भन्ने शव्दहरू पछाडी स्वदेश भित्रका भन्ने शव्द थपिएको र सोही खण्डको भएको वा भन्ने शव्दहरूको सट्टा भई प्रथम वर्षमा भन्ने शव्दहरू राखिएको छ ।

४. मूल निर्देशिकाको दफा ५ मा संशोधनः मूल निर्देशिकाको दफा ५ को उपदफा (१) मारहेको प्राविधिक भन्ने शव्द झिकिएको र सोही उपदफाको खण्ड -च) पछि खण्ड -च१) र (च२) थपिएको छः

(च१) व्यवस्थापन,

(च२) विज्ञान,

५. मूल निर्देशिकाको दफा ८ मा संशोधनः मूल निर्देशिकाको दफा ८ को दपदफा (१) को खण्ड -ग) मा रहेको कानुन तथा न्याय मन्त्रालय भन्ने शव्दहरूको सट्टा कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय भन्ने शव्दहरू राखिएको छ ।

६. मूल निर्देशिकाको दफा ११ मा संशोधनः मूल निर्देशिकाको दफा ११ को

(१) उपदफा (१) मा रहको माथी भएको भन्ने शव्दहरूको सट्टा दफा ५ मा उल्लेख भएका भन्ने शव्दहरू राखिएको र सरकारी वा भन्ने शव्द झिकिएको छ । सोही पदफाको कम्तीइमा द्धितीय श्रेणीमा उत्तीर्ण भई भन्ने बव्दहरूपछि निजामती कर्मचारीका सन्ततिहरू मध्ये भन्ने शव्दहरू राखिएको छ । यसैगरी सोही उपदफामा रहेको एक छोरा र एक छोरीलाई भन्ने बव्दहरूको सट्टा दुई छात्र र दुई छात्रालाई भन्ने शव्दहरू राखिएको छ ।

(२) उपदफा (१क) मा रहेको माथि शव्दको सट्टा उपदफा (१) मा भन्ने शव्द राखिएको छ । यसै गरी दुई भन्ने शव्दको सट्टा चार भन्ने शव्द राखिएको र सोही उपदफाको दुबैजना भन्ने शव्दहरूको सट्टा चारैजना भन्ने शव्दहरू राखिएको छ ।

७. मूल निर्देशिकको दफा १४ मा संशोधनः मूल निर्देशिकाको दफा १४ को उपदफा (१) मा रहेका दैनिक पत्रपत्रिकामा भन्ने शव्दहरू पछाडि "जिल्लास्तरको हकमा प्रत्येक वर्षको पौष महिनाभित्र र केन्द्रीयस्तरको हकमा प्रत्येक वर्षको फागुन महिनाभित्र" भन्ने शव्दहरू थपिएको छ ।

**बढुवा शाखाको कार्यप्रगति**

सामान्य प्रशासन मन्त्रालयको बढुवा शाखाबाट मन्त्रालयको चालू आ.व.को जेष्ठ मसान्तसम्ममा ९८ वटा बढुवा/ समायोजनको सूचना प्रकाशित गरिएको छ, विशिष्ठ श्रेणी र सो सरहको पदमा बढुवाको लागि ३६ वटा सिफारिश गरिएको छ भने सेवासमूह-उपसमूहको बढुवा नियुक्तिको लागि १०२ वटा सिफासिश गरिएको छ । यस अवधिमा लोक सेवा आयोगमा २८ वटा प्रतिकृया र अन्य १२ रिट निवेदनको लिखित जवाफ पठाईएको र २ वटा सम्वद्धता निर्धारण गरिएको छ । लगभग ५२०० का.स.मू. फारामको फाईलिङ गरिएको छ । जेष्ठ मसान्तसम्ममा शाखाबाट नुवाकोट, नवलपरासी, सिन्धुली, पर्सा गरी ४ जिल्लामा का.स.मू. अन्तर्क्रिया कार्यक्रम र स्याङ्गजा, रूपन्देही, कपिलवस्तु, प्यूठान र दाङ्ग गरी ५ जिल्लामा जिल्लास्तरिय बढुवा सचिवालयका कार्यहरूको अनुगमन सम्पन्न गरेको छ ।

## निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना**ः निजामती सेवा ऐन, २०४९ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसद नभएकोले, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको  नाम "निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०६९" रहेको छ ।

(२) यो अध्यादेश तुरून्त प्रारम्भ हुनेछ ।

२. **निजामती सेवा ऐन, २०४९ को दफा ७ मा संशोधनः** निजामती सेवा ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

(१) निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा दफा १९ को उपदफा (२) बमोजिम र देहायको पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

| पद | | खुल्ला प्रतियोगिताद्वारा | वढुवाद्वारा | | |
|---|---|---|---|---|---|
| | | | कार्यक्षमताको मूल्याङ्कनद्वारा | आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा |
| (क) | श्रेणी विहिन/ राजपत्र अनङ्कित पाँचौं | १००% | - | - | - |
| (ख) | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | - | - | - | - |
| (ग) | राजपत्र अनङ्कित तृतीय श्रेणी | - | - | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| (घ) | राजपत्र अनङ्कित द्वितीय श्रेणी | ७०% | – | २०% | १०% |
| (ङ) | राजपत्र अनङ्कित प्रथम श्रेणी | ४०% | २०% | - | ४०% |
| (च) | राजपत्राङ्कित तृतीय श्रेणी | ७०% | - | - | ३०% |
| (छ) | राजपत्राङ्कित द्वितीय श्रेणी | १०% | ३५% | २०% | ३५% |
| (ज) | राजपत्राङ्कित प्रथम श्रेणी | १०% | ३५% | २०% | ३५% |

(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-

(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रिक्त पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

(क) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि छुट्याईएको सबै वा केही पदमा संभाव्य उम्मेदवार नभई पद पूर्ति हुन नसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाद्वारा,

तर उपदफा (१) को खण्ड (च) मा उल्लिखित राजपत्राङ्कित तृतीय श्रेणीको पदमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि संभाव्य उम्मेदवार नभई सबै वा केही पद पूर्ति हुन नसक्ने भएमा त्यस्तो पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पद पूर्ति हुन नसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा ।

(ग) एक श्रेणी मुनिको पद नभएको सेवा समूह वा उपसमूहको पदमा रिक्त सबै पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(१ख) यस दफा बमोजिम पदपूर्तिको लागि पदसंख्या निर्धारण गरी लोक सेवा आयोगले विज्ञापन प्रकाशित गर्नेछ ।"

(३) उपदफा (१०) मा रहेका 'सोही वर्ष' भन्ने शब्दहरूको सट्टा 'अर्को वर्ष' भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपदफा (१५) झिकिएको छ ।

(५) उपदफा (१६) पछि देहायको उपदफा (१६क) थपिएको छ :-

(१६क) उपदफा (१६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निकायमा आंशिक रूपमा काम गरेको अनुभव सो प्रयोजनको लागि गणना हुने छैन ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनको लागि "आंशिक रूपमा काम गरेको" भन्नाले प्रति हप्ता चालीस घण्टा भन्दा कम समय गरेको कामलाई जनाउनेछ ।"

**३. मूल ऐनको दफा १० मा संशोधन** : मूल ऐनको दफा १० को उपदफा (१) को खण्ड (ग) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (३) पछि देहायको खण्ड (४) थपिएको छ :-

(४) दफा ७ को उपदफा (८) बमोजिम तोकिएका अपाङ्गता भएका व्यक्तिहरू चालीस वर्षको उमेरसम्म उम्मेदवार हुन सक्नेछन् ।"

**४. मूल ऐनको दफा १८ मा संशोधन** : मूल ऐनको दफा १८ को,-

(१) उपदफा (४) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-

तर राजपत्र अनङ्कित पदमा लोक सेवा आयोग वा बढुवा समितिबाट सिफारिस भएको तथा राजपत्राङ्कित पदमा लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसमा पहिलो पटक पदस्थापन भएको कार्यालयमा उपदफा (३) बमोजिमको अवधि नपुगी कुनै पनि कर्मचारीको सरूवा हुने छैन

(२) उपदफा (७) मा रहेको "दश" भन्ने शव्दको सट्टा "सात" भन्ने शव्द राखी सो उपदफामा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-

"तर राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा सिफारिस भएको कर्मचारीले सिफारिस भएको कार्यालयमा उपदफा (३) बमोजिमको अवधि सेवा गरेपछि सो विकास क्षेत्रभित्र सरूवा हुन सक्नेछ ।"

(३) उपदफा (११) को सट्टा देहायको उपदफा (११) राखिएको छ :-

"(११) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको खण्ड (ग), (घ) वा (ङ) को अवस्थामा बाहेक सम्बन्धित कर्मचारी आफैले स्वेच्छाले निवेदन नदिई राजपत्र अनङ्कित वा श्रेणीविहीन कर्मचारीलाई उपदफा (३) बमोजिमको अवधि पूरा नभई सरूवा गरिने छैन ।"

**५. मूल ऐनको दफा १८क. मा संशोधन** : मूल ऐनको दफा १८क. को,-

(१) उपदफा (२ग) पछि देहायको उपदफा (२घ) थपिएको छ :-

"(२घ) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १८ को उपदफा (७) बमोजिम नियुक्ति भएको कर्मचारीलाई सो बमोजिमको अवधि पूरा नभए सम्म एक वर्षमा तीन महिना भन्दा बढी काजमा खटाइने छैन ।"

(२) उपदफा (३) मा रहेका "(२क) र (२ख)" भन्ने शव्दहरूको सट्टा "(२क), (२ख) र (२घ)" भन्ने शव्दहरू राखिएका छन् ।

६. **<u>मूल ऐनको दफा १९ मा संशोधन</u>** : मूल ऐनको दफा १९ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदमा भए :-

(१) रिक्त पद मध्ये २० प्रतिशत पदमा कार्यसम्पादन मूल्याङ्कनमा औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेका र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा सबैभन्दा बढी सेवा अवधि भएका सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा नेपाल सरकारले बढुवा गर्नेछ ।

(२) रिक्त पद मध्ये ८० प्रतिशत पदमा कार्यसम्पादन मूल्याङ्कनको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सम्भाव्य उम्मेदवारहरू मध्येबाट उपलब्ध भएसम्म रिक्त पदको तेब्बर संख्यामा बढुवा समितिले सिफारिस गरेका उम्मेदवारहरू मध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा उपयुक्त ठहऱ्याएको उम्मेदवारलाई बढुवा गर्नेछ ।

(३) यस खण्ड बमोजिम बढुवा समितिले सिफारिस गर्दा पहिले उपखण्ड (१) बमोजिमको सिफारिस गरेपछि उपखण्ड (२) बमोजिमको सिफारिस गर्नेछ ।

(४) यस खण्ड बमोजिम पदपूर्तिको लागि लोक सेवा आयोगले पदसंख्या निर्धारण गर्नेछ ।"

७. **<u>मूल ऐनको दफा २४घ. मा संशोधन</u>** : मूल ऐनको दफा २४घ. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) निजामती कर्मचारीहरूलाई शैक्षिक योग्यताको अङ्क दिंदा निजामती सेवाको कुनै पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत एकमुष्ठ नौ अङ्क र सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सेवा, समूह वा उप-समूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि बापत एकमुष्ट तीन अङ्क दिइनेछ । सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक उपाधि मात्र पाएको अवस्थामा पनि सोही बराबरको दुवै अङ्क दिइनेछ ।"

८. **<u>मूल ऐनमा दफा २४घ१क. र २४घ१ख. थप</u>** : मूल ऐनको दफा २४घ१. पछि देहायका दफा २४घ१क. र २४घ१ख. थपिएका छन् :-

**`२४घ१क. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहाय बमोजिमको आधारमा बढुवाको सिफारिस गर्नेछ :-

(क) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको,

(ख) राजपत्र अनङ्कित प्रथम श्रेणीको पदको लागि कम्तीमा एस. एल. सी. वा सो सरहको शैक्षिक योग्यता भएको, (ग) राजपत्राङ्कित पदको लागि देहाय बमोजिमको योग्यता भएको :-

(१) राजपत्राङ्कित द्वितीय श्रेणी वा सो भन्दा माथिको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरहको तथा राजपत्राङ्कित तृतीय श्रेणीको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको,

(२) ढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालीम लिएको,

(३) हाल बहाल रहेको श्रेणीमा भौगोलिक क्षेत्रमा काम गरे बापत दफा २४ग. बमोजिम पूरा अङ्क प्राप्त गरेको ।

तर भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा अङ्क प्राप्त गरेको संभाव्य उम्मेदवार नभएमा वा छुट्याइएको रिक्त पदमा सम्भाव्य उम्मेदवार नपुग हुने अवस्था भएमा त्यस्तो पदमा भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा अङ्क प्राप्त नगरेको कर्मचारीलाई पनि सम्भाव्य उम्मेदवार कायम गरी बढुवा गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले दफा ७ को उपदफा (१) को खण्ड (घ) बमोजिमको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा देहायको आधारमा बढुवाको सिफारिस गर्नेछ :-

(क) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गरेको,

(ख) सम्बन्धित सेवा, समूह वा उपसमूहको राजपत्र अनङ्कित द्वितीय श्रेणीको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको, र

(ग) श्रेणी विहिन पदमा वा राजपत्र अनङ्कित पाँचौं श्रेणीको पदमा आवद्ध भएका उम्मेदवारलाई श्रेणी विहिन पदमा गरेको सेवा अवधि समेत गणना गरी कम्तीमा कुल सेवा अवधि बीस वर्ष पूरा भएका उम्मेदवारहरू मध्ये सबैभन्दा बढी सेवा अवधि भएको ।

(३) उपदफा (१) को खण्ड (ग) को उपखण्ड (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमका सम्भाव्य उम्मेदवार बढुवा भएमा त्यस्तो कर्मचारीको जेष्ठता सोही उपदफा बमोजिम बढुवा हुने अन्य कर्मचारी भन्दा पछि हुने गरी कायम गरिनेछ ।

(४) यस अध्यादेश बमोजिम बढुवा गर्दा यस दफा बमोजिम गरिने बढुवाको कारवाही सम्पन्न गरी सिफारिस गरेपछि कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाको सिफारिस गर्नु पर्नेछ ।

**२४घ१ख. <u>कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीको समायोजन सम्बन्धी व्यवस्था</u> :**

(१) यो दफा प्रारम्भ हुनु भन्दा अघि कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीहरूको समायोजनको लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले यो दफा प्रारम्भ भएको मितिले एक महिनाभित्र सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा पुल दरवन्दी सिर्जना गरी त्यसरी बढुवा भएका तथा हुने कर्मचारीहरूलाई त्यस्तो दरवन्दीमा समायोजन पदस्थापना गर्नेछ ।

(२) यो दफा प्रारम्भ हुनु भन्दा अगावै कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त आह्वान भई बढुवा नियुक्ति पाउन बाँकी रहेको तथा यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त आह्वान भई बढुवा हुने कर्मचारीहरूको समायोजनको लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा पुल दरवन्दी सिर्जना गरी त्यसरी बढुवा भएका तथा हुने कर्मचारीहरूलाई त्यस्तो दरवन्दीमा समायोजन पदस्थापन गर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यसरी बढुवा भएका तथा हुने कर्मचारीहरू निजामती सेवाको दरवन्दी नरहेको निकायमा कार्यरत रहेको भएमा त्यस्तो कर्मचारीको दरवन्दी भएको निकायमा पुल दरवन्दी सिर्जना गरी त्यस्तो दरवन्दीमा समायोजन पदस्थापन गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम समायोजन पदस्थापन भएपछि निजहरू बढुवा हुनु भन्दा अगाडि बहाल रहेको पद स्वतः खारेज हुनेछ ।

(५) उपदफा (१), (२) र (३) बमोजिम समायोजन पदस्थापन भएको दुई महिनाभित्र सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले साविकको संगठन संरचना र दरवन्दीको पुनरावलोकन गरी कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका तथा हुने कर्मचारीहरूको समायोजनको लागि आवश्यक पर्ने दरवन्दीको स्तर उन्नति र थप दरवन्दीको यकिन गरी स्वीकृतिको लागि सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी पठाइने विवरणमा साविकको दरवन्दी, कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएको तथा हुने कर्मचारीको विवरण तथा पुनःसंरचना गरी समायोजन गर्न सकिने दरवन्दीको विवरण खुलाइ पठाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त भए पछि सामान्य प्रशासन मन्त्रालयले सोको विश्लेषण गरी उपयुक्त ठहराएको दरवन्दी एक महिनाभित्र स्वीकृत गर्नेछ ।

(७) उपदफा (६) बमोजिम दरवन्दी स्वीकृत भएपछि संशोधित दरवन्दी विवरण निजामती कितावखानाबाट अद्यावधिक गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम निजामती कितावखानाबाट दरवन्दी विवरण अद्यावधिक भए पछि उपदफा (६) बमोजिम स्वीकृत भएको दरवन्दीमा सेवा, समूह तथा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले उपदफा (९) बमोजिम तयार गरिएको योग्यताक्रम सूची मध्ये माथिल्लो योग्यताक्रममा पर्ने कर्मचारीहरूको रूची तथा चाहनाको प्राथमिकताक्रम निर्धारण गर्न लगाई पदस्थापन गर्नेछ ।

(९) उपदफा (८) को प्रयोजनको लागि सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले सम्बन्धित सेवा, समूह वा उपसमूहका कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीहरूको योग्यताक्रम सूची तयार गरी राख्नु पर्नेछ । यसरी योग्यताक्रमको सूची तयार गर्दा देहायको आधारमा तयार गर्नु पर्नेछ :-

(क) हाल बहाल रहेको श्रेणीको पदमा ज्येष्ठता लागू भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम ज्येष्ठता नछुट्टिएमा एक श्रेणी मुनिको पदमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा,

(ग) खण्ड (क) र (ख) मा उल्लिखित आधारबाट ज्येष्ठता नछुट्टिएमा एक श्रेणी मुनिको पदको लागि लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम ज्येष्ठता नछुट्टिएमा उमेरको ज्येष्ठताको आधारमा ।

(१०) उपदफा (८) बमोजिम पदस्थापन भएपछि त्यस्तो पुल दरवन्दी स्वतः खारेज हुनेछ ।

(११) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१), (२) र (३) बमोजिम पुल दरवन्दीमा रहेका कर्मचारीहरू उपदफा (८) बमोजिम पदस्थापन नभई अन्यत्र सरूवा हुने छैन ।

(१२) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (८) बमोजिम पदस्थापन भएको कार्यालयमा दफा १८ को उपदफा (३) बमोजिमको अवधि पूरा नभई कुनै पनि कर्मचारीलाई अन्यत्र सरूवा गरिने तथा काज खटाइने छैन ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम हुने समायोजन पदस्थापनले यस दफा बमोजिम सिर्जना भएको पद बाहेक अन्य रिक्त पदमा दफा ७ को उपदफा (१) बमोजिम पदपूर्ति गर्ने व्यवस्थामा कुनै प्रतिकूल असर पुऱ्याउने छैन ।"

**९. मूल ऐनमा दफा ३७क. थप :** मूल ऐनको दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छ :-

"**३७क. सेवा अवधि गणना हुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (१४) बमोजिम स्थायी नियुक्ति पाएको निजामती कर्मचारीले यो दफा प्रारम्भ भएको मितिले साठी दिनभित्र निजले निजामती सेवाको स्थायी नियुक्ति लिनुभन्दा अघि गरेको विकास तर्फको पदमा निरन्तर रूपमा गरेको सेवा अवधि जोडाउन निवेदन दिएमा त्यस्तो सेवा अवधिको शत प्रतिशत सेवा अवधि निवृत्तभरण वा उपदानको प्रयोजनको लागि हालको सेवा अवधिमा गणना गरिनेछ ।"

**१०. खारेजी :** मूल ऐनको दफा २४घ१. खारेज गरिएको छ ।